## गाउँसभाका अध्यक्ष महोदय,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै म यस शहिद लखन गाउँपालिकाको **आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक आय र व्ययको अनुमान (बजेट वक्तव्य)** प्रस्तुत गर्दछु।"

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, लोकतन्त्र, सामाजिक न्याय, समावेशी शासन व्यवस्था तथा नागरिक अधिकारको सुनिश्चितताका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने नेपालका प्रथम शहीद लखन थापा मगर लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै राष्ट्र निर्माण, लोकतान्त्रिक आन्दोलन, सामाजिक रूपान्तरण तथा समृद्ध नेपालको यात्रामा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२. नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामार्फत समृद्ध, समुन्नत,

आत्मनिर्भर तथा न्यायपूर्ण समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न संघ, प्रदेश र स्थानीय तह आ-आफ्नो जिम्मेवारीका साथ क्रियाशील रहेका छन्। संविधानले स्थानीय तहलाई विकास, सुशासन तथा सेवा प्रवाहको आधारभूत केन्द्रका रूपमा स्थापित गरेको छ।

३. हाल विश्व अर्थतन्त्र भू-राजनीतिक तनाव, जलवायु परिवर्तनका असर, आपूर्ति शृङ्खलामा देखिएको अवरोध तथा आर्थिक अनिश्चिततताजस्ता चुनौतीहरूका बीच क्रमशः पुनरुत्थानको दिशामा अघि बढिरहेको छ। यस परिप्रेक्ष्यमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै उत्पादन, रोजगारी, पूर्वाधार विकास, सामाजिक न्याय, सुशासन तथा दिगो विकासका लक्ष्य हासिल गर्न स्थानीय तहको भूमिका अझ महत्वपूर्ण बनेको छ। जनताका आवश्यकता, अपेक्षा र प्राथमिकतालाई केन्द्रमा राखी विकासको प्रतिफल नागरिकसम्म पुऱ्याउने दायित्वप्रति हामी पूर्ण रूपमा प्रतिबद्ध छौं।

**सभाध्यक्ष महोदय,**

४. यस गरिमामय सभामा शहिद लखन गाउँपालिकाको उपाध्यक्ष तथा बजेट र कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सङ्घीय तथा गण्डकी प्रदेश सरकारको नीति, कार्यक्रम र मार्गदर्शन, सोह्रौं आवधिक योजनाका आधारपत्रहरू तथा दीगो विकास लक्ष्यलाई मुख्य मार्गदर्शक सिद्धान्त मानेको छु। साथै गाउँ कार्यपालिका, विषयगत समिति, वडा समिति, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार क्षेत्र, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी तथा आम गाउँपालिकावासीबाट प्राप्त सुझावहरूलाई समेत समेट्ने प्रयास गरेको छु।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने स्रोत हस्तान्तरणमा देखिन सक्ने

उतारचढाव, गाउँपालिकाका अनिवार्य प्रशासनिक दायित्व तथा विकास निर्माणका आवश्यकतालाई सन्तुलित रूपमा सम्बोधन गर्ने प्रयास गरेको छु । बदलिँदो राष्ट्रिय आर्थिक परिवेश, सीमित स्रोतसाधन र बढ्दो जनअपेक्षाबीच उपलब्ध अवसरहरूको प्रभावकारी उपयोग गर्दै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, प्रविधिमैत्री र पारदर्शी बनाउने दिशामा हामी प्रतिबद्ध रहेका छौं।

७. आगामी आर्थिक वर्षको बजेट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी, सूचना प्रविधि, सामाजिक न्याय, सुशासन तथा दिगो पूर्वाधार विकासलाई केन्द्रमा राखी तर्जुमा गरेको छु। यस बजेटले गाउँपालिकाको समग्र विकास, सेवा प्रवाहमा सुधार तथा नागरिकको जीवनस्तर उकास्न योगदान पुऱ्याउने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

**अब म यस गरिमामय सभामा आर्थिक वर्ष २०८३।८४ को बजेटको स्रोत तथा आय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

८. सुरुमा म चालू आर्थिक वर्षको आर्थिक प्रगति विवरण पेश गर्दछु, यस आर्थिक वर्षमा हालसम्म कुल आय अनुमानको ८७.५३ प्रतिशत ले हुन आउने रु ५५ करोड १२ लाख ६४ हजार ८ सय ६२ मात्र आम्दानी भएको देखिन्छ। यसमा आन्तरिक तर्फको कुल लक्ष्य २ करोड ४३ लाख ३५ हजारको ९१.१ प्रतिशतले हुन आउने रु. २ करोड २१ लाख १२ हजार ९ सय ९८ राजश्व संकलन भएको छ। व्यय तर्फ चालूमा ७०.०१ प्रतिशत पुँजीगत तर्फ ४५.१९ प्रतिशत गरि जम्मा व्यय अनुमान ६२ करोड ९७ लाख ८७ हजार १ सय ९२ रुपैयाँ अर्थात् ६४.१७ प्रतिशत प्रगति भएको बेहोरा पेश गर्दछु।

९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको उपलब्ध स्रोत, आन्तरिक राजस्व, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने

अनुदान, राजस्व बाँडफाँड लगायतका स्रोतलाई आधार मानी बजेटको आकार निर्धारण गरिएको छ।

१०. आगामी आ.व. २०८३।८४ मा अन्तरिक श्रोततर्फ बैंक मौज्दात समेत गरी रु ६ **करोड २८ लाख ४९ हजार ७ सय ७१** रुपैयाँ कूल आय प्राप्त हुने अनुमान गरिएको छ।

११. त्यसैगरी संघीय सरकारबाट संघीय समानिकरण अनुदान **रु. १४ करोड ३४ लाख**, संघीय ससर्त अनुदान चालु **रु. २६ करोड ६ लाख**, ससर्त अनुदान पूँजीगत **रु. १० लाख**, विशेष अनुदान **रु. १ करोड** र समपुरक अनुदान पुँजीगत **रु. १ करोड ८८ लाख** गरी संघीय सरकारबाट **रु. ४३ करोड ३८ लाख** प्राप्त हुने अनुमान रहेको छ।

१२. त्यसै गरी गण्डकी प्रदेश सरकारबाट प्रदेश समानीकरण अनुदान **रु. १ करोड ९९ लाख ३६ हजार**, प्रदेश विशेष अनुदान **रु. ३९ लाख ९० हजार** र प्रदेश समपुरक अनुदान पुँजिगत **रु. ५१ लाख ३१ हजार** गरी प्रदेश सरकारबाट **रु. २ करोड ९० लाख ५७ हजार** प्राप्त हुने अनुमान रहेको छ।

१३. राजश्व बाडफाडँतर्फ संघीय सरकारबाट **रु. ९ करोड ६८ लाख ८९ हजार**, प्रदेश सरकारबाट **रु. ९९ लाख ८५ हजार २ सय २९ रुपैयाँ** र आन्तरिक **रु. २१ लाख ५० हजार** गरी जम्मा **रु. १० करोड ९० लाख २४ हजार २ सय २९** रुपैयाँ प्राप्त हुने अनुमान रहेको छ।

१४. यसरी आन्तरिक स्रोत, संघीय सरकार, प्रदेश सरकार तथा राजस्व बाँडफाँड समेत गरी आर्थिक वर्ष २०८३।८४ का लागि कुल **रु. ६३ करोड ४७ लाख ३१ हजार** रुपैयाँ बराबरको आय अनुमान गरेको छु।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु।**

१५. आगामी आर्थिक वर्ष २०८३।८४ मा कुल बजेट मध्ये चालु खर्च तर्फ **रु. ४९ करोड ५९ लाख ६० हजार** र पूँजीगत तर्फ **रु. १३ करोड ६६ लाख २१ हजार** विनियोजन गरेको छु। कुल रकम मध्ये चालु तर्फ **७८.४० प्रतिशत** र पूँजीगत तर्फ **२१.६० प्रतिशत** रकम विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

**अब म यस गरिमामय सभामा आर्थिक वर्ष २०८३।८४ को विषय क्षेत्रगत विनियोजन प्रस्तुत गर्दछु।**

१६. **आर्थिक विकास क्षेत्र**

(क) गाउँपालिकाको आत्मनिर्भरता र उत्पादन वृद्धिको मेरुदण्डका रूपमा रहेको यस क्षेत्रका लागि जम्मा **रु. १ करोड ३९ लाख** विनियोजन गरेको छु।

(ख) यस अन्तर्गत कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा उत्पादकत्व अभिवृद्धिका लागि **रु. ७३ लाख** , पशुपन्छी विकासका लागि **रु. ४१ लाख** र पर्यटन प्रवर्द्धनका लागि **रु २५ लाख** विनियोजन गरेको छु।

१७. **सामाजिक विकास क्षेत्र**

(क) नागरिकको चेतना, स्वास्थ्य र समृद्धिसँग जोडिएको यस प्राथमिक क्षेत्रका लागि जम्मा रु. ६ करोड ५६ लाख ९० हजार विनियोजन गरेको छु।

(ख) यस अन्तर्गत शैक्षिक गुणस्तर र विद्यालय पूर्वाधार विकासका लागि रु २ करोड ४० लाख ४० हजार विनियोजन गरेको छु। स्वास्थ्य सेवा सुदृढीकरणका लागि रु २ करोड ४९ लाख, युवा तथा खेलकुद विकासका लागि रु २४ लाख र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फ रु. १ करोड ७ लाख विनियोजन गरेको छु।

## १८. पूर्वाधार विकास क्षेत्र

(क) गाउँपालिकाको दिगो विकास, सहज आवागमन तथा आधारभूत सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्न पूर्वाधार विकास क्षेत्रका लागि जम्मा रु. १० करोड ७७ लाख विनियोजन गरेको छु। यस बजेटमार्फत सडक तथा यातायात पूर्वाधारको स्तरोन्नति, भवन तथा सार्वजनिक संरचना निर्माण, सूचना तथा सञ्चार प्रविधिको विस्तार, सम्पदा संरक्षण तथा विज्ञान र प्रविधिको उपयोगलाई प्राथमिकतामा राखेको छु।

**१९. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

(क) उत्तरदायी प्रशासन, कानुनी शासन र विपद् व्यवस्थापनको सुनिश्चितताका लागि यस क्षेत्रमा रु. १ करोड ६९ लाख २० हजार विनियोजन गरेको छु।

(ख) यस अन्तर्गत विपद् व्यवस्थापन कोषका लागि रु ४५ लाख, श्रम तथा रोजगारी प्रवर्द्धनका लागि रु ३० लाख, र कानुनी साक्षरता र न्याय सम्पादनका लागि रु ११ लाख ५० हजार विनियोजन गरेको छु।

**२०. कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रः**

(क) गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रवाह हुने दैनिक प्रशासनिक कार्य, सार्वजनिक सेवा प्रवाह, संस्थागत व्यवस्थापन तथा अनिवार्य दायित्वहरूको प्रभावकारी सञ्चालन तथा सम्पादनका लागि यस क्षेत्रतर्फ रु. १२ करोड ८८ लाख ५० हजार विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय**

२१. प्रस्तुत बजेटको कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक, सामाजिक तथा भौतिक विकासमा सकारात्मक योगदान पुग्ने, सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी हुने, रोजगारीका अवसर विस्तार हुने तथा समृद्ध शहिद लखन गाउँपालिका निर्माणको अभियानमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिएको छु।

२२. बजेट तर्जुमा गर्ने क्रममा मार्गदर्शन, सुझाव र सहयोग प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, विषयगत समितिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, निजी क्षेत्र तथा सम्पूर्ण गाउँपालिकावासी महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२३. प्रस्तुत बजेटले अगुवाइ गर्न लागेको समृद्ध र सुसंस्कृत शहिद लखन गाउँपालिका निर्माणको यस यात्रामा सम्पूर्ण राजनीतिक दल, निजी क्षेत्र, कर्मचारीहरू, श्रमिक, किसान, युवा, उद्यमी, बुद्धिजिवी तथा सम्पूर्ण आदरणीय गाउँपालिकाबासी

आमाबुबा, दाजुभाइ एवं दिदीबहिनीहरूलाई शिष्ट संवाद, सहकार्य, सार्थक सहभागिता र स्थानीय एकताको साझा भावनासहित साथ दिनुहुनेछ भन्ने विश्वास लिएको छु।

यस बजेटले शहिद लखन गाउँपालिकाको समृद्धिमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वासका साथ म यो बजेट वक्तव्य यस गरिमामय सभा समक्ष पेश गर्दछु।

धन्यवाद।

इन्दिरा तिवारी
उपाध्यक्ष